नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १६३ २०८२ साल माघ १४ गते बुधबार (28 Jan 2026 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : स्वच्छ ऊर्जाको कार्यान्वयनबाट ... ३ पृष्ठमा : प्रतिनिधिसभा निर्वाचन : जिम्मेवारी ... ३ पृष्ठमा : अमेरिकी धम्कीपछि ...

# सप्तरीमा प्रतिनिधिसभा सदस्य निर्वाचन पूर्वउपप्रधानमन्त्री, पूर्वमुख्यमन्त्री, पूर्वमन्त्री, पूर्वसांसद, संविधानसभा सदस्यसहितका उम्मेदवार चुनावी मैदानमा



**उपेन्द्र यादव**
**पूर्वउपप्रधानमन्त्री**



**सतिश कुमार सिंह**
**पूर्वमुख्यमन्त्री**



**उमेश कुमार यादव**
**पूर्वमन्त्री**



**तेजुलाल चौधरी**
**पूर्वमन्त्री**



**अनिस अन्सारी**
**पूर्वमन्त्री**

**दैनिक समाचारदाता**
**राजविराज, १३ माघ ।**

सप्तरीमा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको रौनक बढेको छ। जिल्लाको चारवटै निर्वाचन क्षेत्रमा पूर्वउपप्रधानमन्त्री, पूर्वमुख्यमन्त्री, पूर्वमन्त्री, पूर्वसांसद, संविधानसभा सदस्यसहितका उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन्।

जिल्लामा तीन पार्टीका केन्द्रिय अध्यक्षसहित १ सय २ जना ल स्उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रेका छन्। त्यसमा एक जना मधेश प्रदेशका पूर्वमुख्यमन्त्री र लगातार तिन पटक प्रनिधिसभा सांसद रहिसकेका सम्म चौथो पटक जित निकाल्न चुनावी रणभुमीमा होमिएका छन्।

विशेषगरी सप्तरी क्षेत्र नं २ मा स्वाभिमान पार्टीबाट मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंह, जनमत पार्टीका अध्यक्ष एवं निवर्तमान सांसद डा. सीके राउत, जसपा नेपालबाट पूर्व सिंचाईमन्त्री उमेशकुमार यादव, पुर्व मन्त्री समेत रहेका राष्ट्रिय मुक्ति पार्टीका अनिस अंसारी, नेकपाका केन्द्रिय नेता एवं पुर्व सांसद सुर्यनाथ यादव, नेपाली कांग्रेसका जिल्ला उपसभापति रामकुमार यादव, तथा रास्वपाबाट ई. रामजी यादव चुनावी प्रतिस्पर्धामा उत्रिएपछि कसले बाजी मार्ला ? भन्ने आमजनता माझ चासोको विषय बनेको छ। यस क्षेत्रमा ३४ जना उम्मेदवार कायम रहेका छन्।

यस्तै निर्वाचन क्षेत्र नं १ मा दुईजना विगतको निर्वाचनमा गरि दुई पटक तथा एक जना एक पटक पराजित भइसकेका उम्मेदवारहरु आफ्नो पहिलो जितको सुनिश्चितताका लागि चुनावी मैदानमा छन्। नेकपा एमालेका केन्द्रिय नेता एवं पुर्व राष्ट्रियसभा सदस्य सुमनराज प्याकुरेल र नेपाली कांग्रेस सप्तरीका सभापति समेत रहेका रामदेव साह दुई पटक र जनमत पार्टीका केन्द्रिय नेता डा. जयकान्त राउत एक पटक पराजित भएका थिए। उनीहरु तीनैजना आफ्नो पहिलो जितको निकाल्न चुनावी मैदानमा होमिएका हुन्। यस्तै सोही क्षेत्रमा नेकपाका रबिन्द्र चौधरी, स्वाभिमान पार्टीका सुमित साह र रास्वपाका पुष्पा चौधरी लगायतका उम्मेदवार पहिलो पटक चुनावी मैदानमा उत्रेका छन्। स्वाभिमान पार्टीका उम्मेदवार साह पुर्व मन्त्री नवलकिशोर साहका पुत्र हुन्। यसअघिको निर्वाचनमा सुमितका वुवा साह यसै क्षेत्रबाट निर्वाचित भएका थिए। यस क्षेत्रमा २१ जना उम्मेदवार कायम छन्।

यस्तै क्षेत्र नं. ३ मा जसपा नेपालका अध्यक्ष एवं पुर्व उप-प्रधानमन्त्री उपेन्द्र यादव चुनावी मैदानमा छन्। उनलाई नेपाली काँग्रेस सप्तरीका पूर्वसभापति तथा निवर्तमान सांसद दिनेश कुमार यादव र नेकपा एमालेका जिल्ला अध्यक्ष ताराकान्त चौधरीले कडा टक्कर दिने देखिएको छ। जस कारण यस क्षेत्रको पनि चुनावी माहोल निकै तातिएको छ। जसपा नेपालका अध्यक्ष यादव यसअघि क्षेत्र नं. २ मा जनमत पार्टीका अध्यक्ष डा. सिके राउतसँग पराजित भएपछी उपनिर्वाचनमा बाराबाट निर्वाचत भएका थिए। र अहिले उनी पुनः सप्तरी नै रोजेका छन्। यसले गर्दा पनि यस क्षेत्रमा पनि निकै रोचक प्रतिस्पर्धा हुने देखिएको छ। यस क्षेत्रमा राष्ट्रिय मुक्ति पार्टीका केन्द्रिय सहसचिव गजेन्द्र मंडल र रास्वपाका युवा नेता अमरकान्त चौधरी समेत गरी २२ जना उम्मेदवार छन्।

क्षेत्र नं ४ मा जितको ह्याट्रिक लगाइसकेका निवर्तमान युवा तथा खेलकूद मन्त्री एवं नेपाली काँग्रेसका प्रभावशाली नेता तेजुलाल चौधरी चौथो पटक जित निकाल्न चुनावी मैदानमा उत्रिएका छन्। उनलाई केही दिन अघिमात्रै काँग्रेस परित्याग गरेर रास्वपामा प्रवेश गरी उम्मेदवारी दिएका सीताराम साहले कडा टक्कर दिने स्थानियहरुको भनाई छ। यस्तै उक्त क्षेत्रबाट जसपा नेपालकी नेतृ डा. बबि सिंह यादव समेतले चौधरीलाई टक्कर दिने देखिएको छ। उनी पनि राजनीति परिवेशकै परिवारबाट आएकी छिन्। उनी राष्ट्रियसभा सदस्य मृगेन्द्र कुमार सिंह यादवकी पुत्री हुन्। उक्त क्षेत्रमा जनमत पार्टीबाट जितेन्द्र साह र नेपाली कम्युनिष्ट पार्टीबाट रुवी कुमारी कर्ण सहित २५ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रेका छन्।

## आचारसंहिता विपरीत झुण्डाइएका सामाग्रि हटाउन निर्देशन

**दैनिक समाचारदाता**
**राजविराज, १३ माघ ।**



सप्तरीका मुख्य निर्वाचन अधिकृतको कार्यालयले जिल्लाको विभिन्न स्थानमा झुण्डाईएका झण्डा, पोस्टर सहितका प्रचार सामग्री हटाउन निर्देशन दिएको छ।

जिल्लामा आचारसंहिता उल्लंघन भईरहेको गुनासो बढेपछि राजविराजस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले मंगलबार राजनीतिक दलका प्रतिनिधि र उम्मेदवारसँगको छलफल पछि यस्तो निर्देशन दिएको हो।

छलफलमा मुख्य निर्वाचन अधिकृत किशोर घिमिरेले राजनीतिक दलका प्रतिनिधि तथा उम्मेदवारलाई आचारसंहिता पालना गर्न आग्रह गर्दै आचारसंहिता विपरितका प्रचारसामग्री २४ घण्टाभित्र हटाउन निर्देशन दिए।

उनले आचारसंहिता विपरित दल वा उम्मेदवारले राजविराजसहित जिल्लाको अन्य स्थानमा झुण्याएको प्रचारप्रसार सामग्री आफैले हटाउन आग्रह गर्दै नभए कारबाही प्रक्रिया अगाडी बढाउने बताए।

२४ घण्टा पछि अनुगमन समितिले सबै ठाउँमा अनुगमन गर्ने र आचारसंहिता विपरित भेटिए कारबाही अगाडी बढाउने राजविराजस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

निर्वाचन आचारसंहितामा फागुन ४ गते देखि १८ गते सम्म मात्र प्रचारप्रसार सामग्री झुण्डयाउन सकिने उल्लेख रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेशकुमार जोशीले जानकारी दिए।

छलफलमा प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल, राजनीतिक दलका प्रतिनिधि, उम्मेदवार र सुरक्षा निकायका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

**जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं।**

हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ, त्यसैले:

- सावधानीपूर्बक सवारीसाधन चलाऔं,
- सवारी चलाउनु पहिले सवारीको यान्त्रिक परीक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ती (फग लाइट) बालेर मात्र सवारीसाधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा आवश्यकताअनुसार हर्नको प्रयोग गरौं,
- तीव्र गतिमा सवारीसाधन नचलाऔं,
- सवारीसाधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- जथाभाबी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,

सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
बिज्ञापन बोर्ड

## सम्पादकीय ....

# अन्य दिन पनि उम्मेदवार पुगोस् जनताको घरदैलोमा

फागुन २१ गते हुने निर्वाचनका लागि उम्मेदवारहरुले प्रचार प्रचार गर्नुका साथै मत माग्न नयाँ नयाँ शैली अपनाउन थालेका छन् । निकै खर्चिलो तरिका प्रचार प्रसार गर्नुका साथै उम्मेदवारहरुले मत माग्ने नयाँ शैलीका कारण सामाजिक संजालमा उनीहरुको तस्बिरले प्रथमिकता समेत पाएको छ । उम्मेदवारहरुले पोस्टर, पम्प्लेट, ब्यानर, झण्डा, तुल तथा फ्लाक्समा तस्बिर राखेर प्रचार प्रसार गरिरहेका छन् भने स्थानिय प्रशासनले आचार सहिंताको उलंघन भयो भनेर ती प्रचार प्रसार सामाग्रिहरु हटाउँदै हिडेको छ ।

यता उम्मेदवारहरु अहिले घरदैलो कार्यक्रम अन्तरगत मतदाताको घरमै गएर खुट्टा ढोक्ने देखी लिएर धान काटिरहेको खेतमा गएर मत आफ्नो पक्षमा पार्न ढोक्दै हिडेका छन् । कतिपय उम्मेदवारहरुले मतदातालाई आफ्नो पक्षमा पार्न विभिन्न प्रकारको चुनावी एजेण्डदेखी विकासीय कार्यहरु गर्ने प्रतिबद्धता समेत बाड्दै हिडेका छन् । यसरी चुनाव आएको बेला उम्मेदवारहरुले मतदाताको घर घरमा गएर मत माग्नु कुनै नौलो कुरा होइन् । कम्तिमा पाँच वर्षको समयमा एक दिन त उम्मेदवाहरु मतदाताको घर घरमा पुग्छन् ।

यसरी अहिले चुनावी सरगर्मी सिंगो मुलुकमा छाएको छ । कोही पनि व्यक्ति चुनावी माहोलबाट अछुतो छैनन् । निर्वाचनमा यसरी होमिएका उम्मेदवारहरु चुनावकै बेला मात्र नभएर अन्य दिन पनि मतदाताको घर घरमा गएर सुख, दुःखको कुरा बुझेमा पक्कै नै मतदातालाई आफुले दिएको मतको कदर हुने विश्वास गर्न सक्थे । तसर्थ चुनावकै जस्तो माहोल अन्य दिन पनि होस् र जनताको मर्म बुझ्न सकोस् उम्मेदवारहरुले ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# स्वच्छ ऊर्जाको कार्यान्वयनबाट हरित अर्थतन्त्र विकास

**नवराज ढकाल**

काठमाडौँ, १३ माघ (रासस) ।

विश्व तापमान वृद्धिको प्रमुख कारक तत्वका रूपमा रहेको हरितगृह ग्यास/कार्बन उत्सर्जनसम्बन्धी अन्तरराष्ट्रिय दृष्टिकोणलाई हेर्दा विश्वको कुल उत्सर्जनमा ऊर्जा क्षेत्रको हिस्सा करिब ७६ प्रतिशत रहेको पाइन्छ । जलवायु परिवर्तन तथा कार्बन वित्त परिचालन सम्बन्धमा अन्तरराष्ट्रिय परिवेशलाई दृष्टिगत गर्दा जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी संस्था (इन्टरगभर्मेन्टल प्यानल अन क्लाइमेट चेन्ज, आइपिसिसी) को प्रतिवेदन, २०२३ अनुसार तापमानलाई १.५ डिग्री सेल्सियस र दुई डिग्री सेल्सियसको बीचमा सीमित राख्नका लागि हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणका उपायहरूलाई थप प्रभावकारी बनाउनु जरुरी देखिन्छ ।

विश्वव्यापी रूपमा खुद शून्य हरितगृह ग्यास उत्सर्जनको अवस्था हेर्दा सन् २०१९ को उत्सर्जन सन् २०१० को भन्दा १२ प्रतिशतले वृद्धि भएको पाइन्छ । हरितगृह ग्यास उत्सर्जनका सबै क्षेत्रबाट उत्सर्जन न्यूनीकरणलाई उच्च प्रभावकारिताका साथ अवलम्बन गरेर मात्र खुद शून्य कार्बन उत्सर्जन वा खुद शून्य हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणको लक्ष्य हासिल गर्न सकिन्छ । तसर्थ, विश्व तापमान वृद्धिले खतराको सीमा पार गर्नु अगावै यसको उचित नियन्त्रण गर्न तत्काल हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणसम्बन्धी कार्यहरूलाई द्रुततर एवं गम्भीर ढङ्गले अघि बढाउनु अपरिहार्य देखिन्छ ।

ऊर्जा क्षेत्रमा न्यून कार्बनीकरण वा 'डिकार्बनाइजेसन' भन्नाले ऊर्जाको उत्पादन, वितरण तथा उपभोगबाट हुने हरितगृह ग्यास उत्सर्जनलाई न्यूनीकरण गर्दै अन्ततः पूर्ण रूपमा हटाउने प्रक्रियालाई बुझिन्छ । ऊर्जा क्षेत्रमा डिकार्बनाइजेसनका मुख्यतया तीनवटा उपाय रहेका छन्ः इन्धन रुपान्तरण (फ्युल स्विचिङ), राष्ट्रिय प्रसारण (ग्रिड) लाइनको सबलीकरण र ऊर्जा दक्षता । फ्युल स्विचिङ भनेको परम्परागत ऊर्जा र खनिज इन्धनबाट सञ्चालित प्रविधिहरू (सवारी साधन, मेसिनरी, घरायसी उपकरण विशेषगरी खाना पकाउने प्रविधि) लाई स्वच्छ ऊर्जाबाट सञ्चालन गर्नु हो । फ्युल स्विचिङका प्रमुख क्षेत्रहरूमा घरायसी, यातायात, उद्योग र कृषि रहेका छन् ।

राष्ट्रिय प्रसारण (ग्रिड) लाइनको सबलीकरण भनेको मौसमी सन्तुलन, आयात न्यूनीकरण, भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति, विद्युतीय पूर्वाधारहरूको स्तरोन्नतिको माध्यमबाट ग्रिडलाई हरितगृह ग्यास उत्सर्जन मुक्त बनाउनु हो । अर्थात् हामीले उपयोग गर्ने (स्वदेशमै उत्पादित विद्युत् वा आयात गरिएको) विद्युत् परम्परागत खनिज इन्धनमा आधारित नभई शून्य कार्बन स्रोत जस्तैः सौर्य ऊर्जा, वायु ऊर्जा, जलस्रोतमा आधारित रहेको सुनिश्चितता गर्नु हो । ऊर्जा दक्षता भनेको ऊर्जा दक्ष उपकरण, ग्रिड र औद्योगिक मेसिनरीको उपयोगबाट कुनै वस्तु वा सेवाको उत्पादनमा लाग्ने ऊर्जाको परिमाणलाई कम गर्नु हो ।

स्वच्छ ऊर्जाको कार्यान्वयनबाट नेपालको हरित अर्थतन्त्र विकासका लागि स्वच्छ खाना पकाउने ऊर्जा, वितरित नवीकरणीय ऊर्जा, विद्युतीय सवारी (ई-मोबिलिटी), आधुनिक र कृषि क्षेत्रमा ऊर्जा दक्षतालगायत क्रियाकलापमा लगानीका सम्भावनाहरू रहेका छन् । अर्थतन्त्रको न्यून कार्बनीकरणका अवसर तथा चुनौतीहरू एवं मिश्रित लगानीबाट लिन सकिने लाभको पहिचान गर्न तथा स्वच्छ ऊर्जा क्षेत्रको लगानीलाई स्तरोन्नति गर्दै लैजानुपर्ने देखिन्छ । नेपालले राष्ट्रिय लक्ष्य तथा अन्तरराष्ट्रिय प्रतिबद्धताहरूमा डिकार्बनाइजेसनलाई प्राथमिकतामा राखेको छ । तेस्रो राष्ट्रिय निर्धारित योगदान, दिगो विकास लक्ष्य, खुद शून्य उत्सर्जनसम्बन्धी नेपालको दीर्घकालीन रणनीति, सोह्रौँ योजना, ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१ लगायत दस्तावेजहरूमा डिकार्बनाइजेसनसम्बन्धी लक्ष्यहरू समेटिएका छन् ।

**स्वच्छ ऊर्जा दिवसको आयोजना**

संयुक्त राष्ट्रसङ्घले पृथ्वी र पृथ्वीमा बसोबास गर्ने मानव तथा सम्पूर्ण प्राणीजगत्को हित गर्ने स्वच्छ ऊर्जाको न्यायपूर्ण र समावेशी रुपान्तरणका लागि सचेतना जगाउने र सोही बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्ने उद्देश्यका साथ सन् २०२३ मा घोषणा गरी २०२४ देखि हरेक वर्ष जनवरी २६ तारिखलाई अन्तरराष्ट्रिय स्वच्छ ऊर्जा दिवसका रूपमा मनाउँदै आएको छ । यो दिवस विश्वभर विभिन्न कार्यक्रमहरू गरेर मनाउने गरिन्छ । नेपालमा यो दिवस मनाउने कार्य वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले गर्दै आएको छ । केन्द्रले स्थापनाकालदेखि नै नवीकरणीय ऊर्जा प्रविधि विस्तार तथा ऊर्जा दक्ष प्रविधि र उपायहरूको प्रवर्द्धनको माध्यमबाट स्वच्छ ऊर्जाको पहुँच वृद्धि, ऊर्जा सेवालाई भरपर्दो, गुणस्तरीय र दिगो बनाउने तथा ऊर्जा सेवालाई आर्थिक क्रियाकलापहरूसँग सम्बद्ध गराई समावेशी आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउँदै आएको छ । यसका साथै नवीकरणीय ऊर्जा प्रविधिमा आधारित कार्बन परियोजनाहरूको विकास तथा हरित जलवायु कोषको प्रत्यक्ष पहुँच निकायका रूपमा समेत कार्य गर्दै आएको छ ।

यसै सन्दर्भमा केन्द्रले ऊर्जा क्षेत्रका विभिन्न साझेदार संस्थाहरूको सहयोगमा 'स्वच्छ ऊर्जाको कार्यान्वयनबाट नेपालको हरित अर्थतन्त्र विकाससम्बन्धी राष्ट्रिय सम्मेलन' आयोजना गरेको छ । स्वच्छ ऊर्जा तथा जलवायु परिवर्तनसम्बन्धी लक्ष्यमा योगदान पुऱ्याउने उद्देश्यले आयोजित यस कार्यक्रम गत वर्ष आयोजना गरिएको 'उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जा रुपान्तरणसम्बन्धी सम्मेलन' को निरन्तरता पनि हो । तथापि यस वर्षको सम्मेलनले न्यून कार्बनीकरणको व्यावहारिक पक्षमा जोड दिँदै बहसलाई व्यवहारमा रुपान्तरण गर्ने उद्देश्य लिएको छ । सम्मेलनले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता एवं जलवायु परिवर्तनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तरराष्ट्रिय सरकारी/गैरसरकारी निकाय, प्रदेश सरकार तथा स्थानीय तह, अनुसन्धानमुलक/प्राज्ञिक संस्था, विकास साझेदार संस्था, लगानीकर्ताहरू, यस क्षेत्रका अभ्यासकर्ता, निजी क्षेत्र, सञ्चारजगत्, नगारिक समाज एवं क्षेत्रगत विज्ञहरू एउटै मञ्चमा उपस्थित भई स्वच्छ ऊर्जाको कार्यान्वयनबाट हरित अर्थतन्त्रको विकासमा तीव्रता दिनका लागि रणनीतिक दृष्टिकोणसम्बन्धी छलफल/अन्तरक्रिया गर्ने अवसर जुटाउनेछ ।

**स्वच्छ ऊर्जा प्रवर्द्धनमा केन्द्रको पहल**

स्वच्छ ऊर्जाको माध्यमबाट नेपालको न्यून कार्बन विकास, सामाजिक आर्थिक समुन्नति र हरित अर्थतन्त्र विकासमा केन्द्रको महत्वपूर्ण योगदान रहँदै आएको छ । केन्द्रले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा हासिल गरेका उपलब्धिहरूले न्यून कार्बनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । सरकारले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र स्वच्छ ऊर्जा रुपान्तरणका कार्यहरूलाई अघि बढाउन बलियो कानुनी आधार खडा गर्ने उद्देश्यका साथ नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक अघि बढाएको छ । यस क्षेत्रमा हासिल गरेका उपलब्धिहरूलाई संस्थागत गर्न नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई ऐनको रुप दिने कार्यलाई निर्वाचित संसदले पारित गर्ने विश्वास गरिएको छ ।

केन्द्रले हालसम्म लघु तथा साना जलविद्युत्, सुधारिएको पानीघट्ट, सौर्य/सौर्य-वायु मिनिग्रिड, घरेलु सौर्य विद्युत् प्रणाली, संस्थागत सौर्य विद्युत् प्रणाली, सौर्य सडक बत्ती, मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा प्रणाली, घरायसी बायोग्यास, संस्थागत, शहरी तथा व्यावसायिक बायोग्यास, सुधारिएको चुलो, विद्युतीय चुलोलगायत परिविधि विस्तारबाट समग्रमा देशको करिब ३७ लाख घरधुरीमा स्वच्छ नवीकरणीय ऊर्जा प्रविधिको सेवा पुऱ्याएको छ । कूल विद्युत् पहुँचमा नवीकरणीय ऊर्जा प्रविधिको हिस्सा करिब छ प्रतिशत रहेको छ । विद्युत् पहुँच विस्तार र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको क्षेत्रमा केन्द्रले विशेष जोड दिँदै आएको छ । नवीकरणीय ऊर्जाको क्षेत्रमा ५०० भन्दा बढी कम्पनीहरू क्रियाशील रहेका छन् जसबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा ४० हजारभन्दा बढी रोजगारी सिर्जना भएको छ ।

साथै, केन्द्रले सन् २००५ देखि नवीकरणीय ऊर्जा प्रविधिमा आधारित कार्बन व्यापारसम्बन्धी कार्यको थालनी गरेको हो । केन्द्रले स्वच्छ विकास संयन्त्रअन्तर्गत आठवटा आयोजनाबाट हालसम्म कुल ६६ लाख ८० हजार मेट्रिकटन युनिट प्रमाणित कार्बन उत्सर्जन न्यूनीकरण उत्पादन गरी कार्बन व्यापारमार्फत करिब ३६.०११ मिलियन अमेरिकी डलर आम्दानी गरेको छभने यी कार्बन परियोजनाको सञ्चालनबाट भविष्यमा थप आम्दानी हुने सुनिश्चित गरेको छ । नेपालको संविधानले लिएको समावेशी आर्थिक सामाजिक विकासको लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जाको विस्तार र ऊर्जा दक्षताको बाटो अवलम्बन गरी स्वच्छ ऊर्जा रुपान्तरणको बाटो अपनाउनु अपरिहार्य रहेको छ । यसका लागि प्रभावकारी र परिणाममुखी सहकार्य जरुरी देखिन्छ । (वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक ढकालसँग गरिएको कुराकानीमा आधारित)

# निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित बनाउन सरकारको ध्यानाकर्षण

काठमाडौँ, १३ माघ (रासस) ।

राष्ट्रियसभा सदस्यहरूले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन सरकारको ध्यानाकर्षण गराएका छन् ।

सभाको मंगलबारको बैठकको विशेष समयमा उहाँहरूले राष्ट्र र जनताको हितमा हस्तक्षेप गर्न सक्ने उम्मेदवारलाई विजयी गराउन मतदातालाई आग्रह गर्नुभयो । नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रियसभाका सचेतक गङ्गाकुमारी बेलबासेले बेथिति र भ्रष्टाचार, वैदेशिक हस्तक्षेपका विरुद्ध सशक्त आवाज उठाउने उम्मेदवारलाई विजयी गराउनुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "मतको दुरुपयोग नगर्नुहोला । सच्चा व्यक्ति र मतको कदर गर्ने व्यक्तिलाई जिताउन अपिल गर्छु । अब बन्ने सरकारले विकृति र विसङ्गति रोक्ने र बेरोजगारीको अन्त्य गर्नुपर्छ ।"

उहाँले चुनावी प्रचारप्रसारका क्रममा राष्ट्रिय झन्डाको दुरुपयोग भएकाले राष्ट्रिय झन्डा दुरुपयोग गर्नेलाई कारबाही गर्नुपर्ने बताउनुभयो । सोही पार्टीका सांसद राजेन्द्रलक्ष्मी गैरेले अघिल्लो सरकारले मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न नसक्दा जेनजी आन्दोलन भएको यथार्थ प्रस्तुत गर्दै मुलुकको समृद्धिका लागि सबै पक्ष एकताबद्ध हुनुपर्नेमा जोड दिनुभयो । राजनीतिक अनिश्चितताका बीच निर्धारित मितिमै निर्वाचन सम्पन्न गर्न लागेको सरकारलाई धन्यवाद दिँदै उहाँले राष्ट्र र जनताको सर्वोत्तम हित गर्न सक्ने उम्मेदवारलाई निर्वाचनमा विजयी गराउनुपर्ने बताउनुभयो ।

नेपाली कम्युनिष्ट पार्टीका सांसद गोपीबहादुर सार्की अछामीले लोकतन्त्र र संविधान रक्षाका लागि निर्वाचनबाहेक कुनै विकल्प नरहेको उल्लेख गर्दै

*बाँकी अन्तिम पृष्ठमा*

# प्रतिनिधिसभा निर्वाचन : जिम्मेवारी विधि निर्माणको, आश्वासन विकास निर्माणको !

काठमाडौं, १३ माघ (रासस) ।

सङ्घीय संसद् मुलुकको सर्वोच्च जनप्रतिनिमूलक र नागरिक सार्वभौमसत्ताको प्रयोग गर्ने थलो हो । संविधानअनुसार नागरिकका प्रतिनिधिबाट निश्चित अवधिका लागि चुनिने प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यसँग क्षेत्रगतरूपमा विकासका काम गर्ने जिम्मेवारी हुँदैन ।

सांसदको मुख्य जिम्मेवारी मूलतः, कानुन निर्माण, सरकार गठन तथा बजेटमाथि छलफल र पारित गर्नु हो । यस्तै सरकारको नीति तथा कार्यक्रममाथि छलफल र पारित, संविधान संशोधन तथा जनमत सङ्ग्रह, सरकारका नियमित कामकारवाहीको निगरानी, सरकारलाई आवश्यक निर्देशन र सुझाव, अन्तरराष्ट्रिय सन्धिसम्झौता अनुमोदन, सरकारलाई नागरिकप्रति उत्तरदायी बनाउने काम पनि संसद्को भूमिकाभित्र पर्छ । संसद्को यी नीतिगत भूमिका भए पनि नेपालमा पञ्चायतकालदेखि नै 'विकासको बाहक' का रूपमा सांसदलाई लिइन्छ । त्यसै आधारमा मत माग्ने र दिने गरिँदै आएको छ ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी मनोनयनपत्र दर्ता गराएका उम्मेदवाले 'म यहाँको विकास निर्माण यसरी गर्छु' भनेर मत माग्न थालिसकेका छन् । मतदाताले पनि 'तपाईं जितेमा हाम्रो क्षेत्रलाई कसरी विकास गर्नुहुन्छ ?' भन्ने प्रश्न उम्मेदवारलाई तेर्स्याउन थालेका छन् ।

संविधानसभा सदस्य एवं वरिष्ठ अधिवक्ता रामनारायण विडारी संसद्को मूल काम के हो भन्ने सांसद र जनता दुवैमा अलमल हुँदै आएको बताउनुहुन्छ । उहाँको बुझाइमा संसद्को दुई वटा महत्वपूर्ण काम सरकार बनाउने, अर्को कानुन बनाउने हो । अर्को काम भनेको देशको ढुकटी बाँडफाँट गर्ने हो ।

"म चुनाव जितेर गए भने म यस प्रकारको बजेट बनाउँछु भन्न मिल्छ तर यो ठाउँमा यसरी सडक, कुलो, खेलमैदान बनाउँछु भन्ने प्रतिबद्धता गर्नु सांसदको क्षेत्राधिकार होइन । यो स्थानीय तहको अधिकारको क्षेत्रभित्र पर्छ । सांसदले स्थानीय तहको अधिकार मिच्नु हुँदैन", संविधानका जानकार विडारीले भन्नुभयो, "अरुको अधिकार मिच्छु भनेर भोट माग्नेले जितेर गए भने के के मिच्ला ? कानुन विपरीतका के के गर्ला ? त्यसकारण संसदको निर्वाचनमा विकासको प्रतिबद्धता गर्नु झुठ बोल्नु हो ।" उहाँले मतदाताको आवश्यकता बमोजिम सांसदले भूमि, वन, मालपोत र शिक्षासम्बन्धी ऐनहरू संशोधन विकास निर्माणमा यस प्रकारले निर्देश गराउँछु भन्न सक्ने बताउनुभयो ।

नेपाली काङ्ग्रेसका पूर्वप्रमुख सचेतक श्यामकुमार घिमिरे पञ्चायतकालदेखि नै विकास निर्माणको वचनबद्धता गरेर संसदीय निर्वाचन लड्ने परम्परा भत्काउन नसकिने स्वीकार गर्नुहुन्छ । नेता घिमिरेले आशन्न निर्वाचनमा पनि कस्तो कानुन (विधि) निर्माण गर्ने र सांसदको दायित्व के हो भन्ने हिसाबले छलफल नभएको बताउँदै भौतिक विकास निर्माणले प्राथमिकता पाएको जनाउनुभयो ।

"यस्तो परम्परालाई बदल्नैपर्छ । वास्तवमा विकास निर्माण र बजेट निर्माणकाममा सांसदको कुनै भूमिका हुँदैन । सरकारले संसदमा ल्याउने बजेटलाई बहुमत/अल्पमतका आधारमा पारित गर्ने मात्रै हो", घिमिरेले भन्नुभयो, "तर अहिलेको निर्वाचनमा पनि सांसदका खास भूमिका विधि निर्माण हो भन्ने बुझ्ने र बुझाउनेमा समस्या नै देखिन्छ । यस विषयमा राष्ट्रियरूपमै चेतना विकास गर्नुपर्ने आवश्यकता छ, सांसद विकासे कार्यकर्ता होइन ।"

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का पूर्वप्रमुख सचेतक पदम गिरी संविधानले संसदलाई सरकार बनाउने र विधि निर्माण गर्ने मुख्य काम दिएको छ भन्ने बारेमा जनतालाई बुझाउन नसकिएको बताउनुहुन्छ । "जनताका अपेक्षा र संविधानले दिएको जिम्मेवारीबीच खाडल रहेको छ । यसबारे मतदातालाई सुसूचित गराउन सकिएको छैन । साना विकासदेखि ठूला विकासका आयोजना सांसदले गर्नुपर्ने र त्यसैका आधारमा सांसदको मूल्याङ्कन भएको स्थिति छ", पर्वत जिल्लामा प्रतिनिधिसभा सदस्य उम्मेदवार रहनुभएका नेता गिरीले राससससँग भन्नुभयो, "यो खालको बुझाइ सङ्घीयता कार्यान्वयनको ठूलो चुनौतीको विषय बनेको छ । त्यसकारण सांसदको जिम्मेवारी र भूमिका बुझ्ने र बुझाउने सवालमा सञ्चारमाध्यमले अभियानकै रूपमा बुझाउन आवश्यक छ । नत्र मतदाताले विकास निर्माण नहुँदा सांसदले गरेरन् भन्ने बुझाइ राखिरहेका हुन्छन् ।"

गिरीले जनताले कस्ता र कति कानुन बनाइयो भन्नेभन्दा के कति विकास निर्माण भयो भन्ने आधारमा मूल्याङ्कन गर्दै आएका र भोलि कस्तो कानुन बनाउनुहुन्छ भन्ने नभई खेलमैदान, धारा, विद्यालयआदिको निर्माण कसरी गर्नुहुन्छ भन्ने प्रश्न जनताबाट आइरहेको अनुभव सुनाउनुभयो ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)मा पूर्वसांसद माधव सापकोटा पनि संविधानमा सांसदको काम, कर्तव्य, अधिकार के छ ? त्यो कुरा उजागर गर्नुपर्नेमा जोड दिनुहुन्छ । "सांसद भनेको विधायक हो, सांसद हुनुका नाताले जनताका सरोकारका कुरा त सांसदले उठाउनुपर्छ तर विकासका आयोजनामा प्रत्यक्षतः सांसदको भूमिका हुँदैन", सिन्धुपाल्चोक क्षेत्र नं १ का उम्मेदवार नेता सापकोटाले भन्नुभयो, "अहिले पनि मतदाता र उम्मेदवारको ध्यान पूर्वाधार विकास निर्माणमा रहेको देखिन्छ । सांसद विकासे प्रतिनिधि होइन, विधि निर्माणकर्ता हो । संविधानले तीन तहको सरकारका कार्यभार तोकेर कस्ता आयोजना कुन सरकारको कार्यक्षेत्रमा पर्ने स्पष्ट नै गरेको छ ।" उहाँले अब बन्ने संसद्बाट मुलुकभित्रका मुख्य समस्याको समाधानका लागि कस्तो गुणस्तरीय र जनउत्तरदायी विधि आवश्यक छ र त्यो कसरी बनाउने भन्ने सङ्कल्प उम्मेदवारले गर्नुपर्ने जनाउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका निवर्तमान सांसद असिम शाह उम्मेदवारले उम्मेदवारले घर-दैलो गर्दा आफ्ना क्षेत्रका नागरिकलाई 'सांसद भनेको बाटो र पुल बनाउने व्यक्ति होइन, देशका लागि कानुन बनाउने जिम्मेवार प्रतिनिधि हो' भन्ने कुरा बुझाउन र त्यसपछि मात्रै संसदीय चुनावको औचित्य पुष्टि हुने बताउनुभयो ।

"मतदाताले नबुझेका हुन् भने बुझाउनु उम्मेदवारको कर्तव्य हो र उम्मेदवारले कुरा बुझेको भएर पनि चेतना नफैलाउनु भनेको स्पष्ट बेइमानी हो", नेता शाहले भन्नुभयो । उहाँले सांसद् संसद्मा नीति, कानुन बनाउन जाने हो भन्नेमा स्पष्ट हुनुपर्नेमा जोड दिनुभयो । "फोहोरमैलाको समस्या छ भने उठाउने काम सांसदको होइन, दीर्घकालीनरूपमा त्यो समस्या कसरी समाधान गर्ने भन्नेमा लाग्ने उसको दायित्व हो", उहाँले भन्नुभयो ।

# आचारसंहिता उल्लङ्घन गरेको आरोपमा आयोगद्वारा स्पष्टीकरण माग

काठमाडौं, १३ माघ (रासस) ।

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको आरोपमा राजनीतिक दल, उम्मेदवार, सामाजिक संस्था र विद्यालय गरी विभिन्न सात व्यक्ति तथा निकायलाई स्पष्टीकरण सोधेको छ ।

नेपाल जनसेवा पार्टीकी प्रतिनिधिसभा सदस्य पदकी उम्मेदवार जानुका पाठक (शोभा पाठक) लाई सामाजिक सञ्जालमा त्यसै निर्वाचन क्षेत्रका अर्का उम्मेदवार तथा पार्टी विरुद्ध गाली, भ्रामक वा द्वेषपूर्ण र व्यक्तिगत मानहानि गर्ने सामग्री प्रसारण गरी आचारसंहिताको उल्लङ्घन हुने कार्य गरेको हो वा होइन भनी स्पष्टीकरण सोधेको आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले राससलाई जानकारी दिनुभयो । जसअन्तर्गत निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (त्र) र (ण) उल्लङ्घन गरेको हो वा होइन भनी उहाँलाई आयोगले स्पष्टीकरण सोधेको हो ।

त्यसैगरी श्रम संस्कृति पार्टीलाई पनि आयोगले दलको लोगो, नाम, चिह्न र उम्मेदवारको तस्बिर अङ्कित टिसर्ट लगाई बालबालिकाको प्रयोग गरेर आचारसंहिताको उल्लङ्घन गरेको हो वा होइन भनी स्पष्टीकरण सोधेको उहाँले बताउनुभयो । यसबाट निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (घ) उल्लङ्घन भएको ठहर गर्दै आयोगले स्पष्टीकरण सोधेको हो ।

जनसेवा पार्टीकै अर्का उम्मेदवार कमल भुसाल (डा निकोलस) लाई पनि आयोगले सामाजिक सञ्जाल समेतमा सार्वजनिक गरेको जुत्ता सम्बन्धमा जेनजी आन्दोलनमा रगतमा लतपतिएको भाइरल जुत्ता अमुक व्यक्तिको रहेको र सो जुत्ता दरुपयोग भएको भनी उजुरी पर्न आएकाले आयोगले स्पष्टीकरण सोधेको छ ।

नेपाल स्वास्थ्य स्वयमसेवक सङ्घलाई ट्रेड युनियनको अधिवेशन गर्न लागेको भन्ने विषयको उजुरी प्राप्त भएकाले यसमा के कसो भएको हो ? कुन मितिमा अधिवेशन गर्न लागेको हो भनेर स्पष्टीकरण सोधेको आयोगले जनाएको छ । आयोगले स्वास्थ्य स्वयमसेवक सङ्घलाई तीन दिनभित्र लिखित जवाफ पेस गर्न निर्देशन दिएको छ ।

आधारभूत विद्यालय, श्रीसिया, आदर्शचोकलाई विद्यालयमा कार्यरत बालविकास शिक्षिका सन्तोषी गुप्तालाई एवं जोरजुलम करकाप प्रयोग गरी सरुवा गरिएको भन्ने व्यहोराको उजुरी प्राप्त भएकाले यस विषयमा के कसो भएको हो ? भनी स्पष्टीकरण सोधिएको छ । निर्वाचन आचारसंहिता, २०८२ को दफा १० को खण्ड (च) अनुसार सो विद्यालयलाई स्पष्टीकरण सोधिएको पनि आयोगले जनाएको छ । विद्यालयलाई दुई दिनभित्र स्पष्टीकरण पेस गर्न आयोगले निर्देशन दिएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) का भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं २ का उम्मेदवार महेश बस्नेतलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ । मधेसी समुदायको संस्कृति र पहिचानमाथि प्रहार, भाषिक नश्लवाद र घृणास्पद अभिव्यक्ति दिएकाले कारबाही गरी पाऊँ भन्ने विषयको उजुरी पर्न आएकाले उजुरीमा उल्लेख गरिएजस्तो अभिव्यक्ति दिनुभएको हो वा होइन भनी आयोगले स्पष्टीकरण सोधेको हो । यसबाट नेपालको संविधानको धारा १८, निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (ठ), सोही आचारसंहिताको दफा १३ को उपदफा (१) को (ञ), मुलुकी अपराधसंहिता, २०७४ को दफा १५६ र विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ को पनि उल्लङ्घन भएको हो होइन भनी आयोगले बस्नेतसँग जवाफ माग गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार बालेन्द्र शाहलाई सार्वजनिक बहसका लागि एमाले अध्यक्षले सामाजिक सञ्जालमा राखेको विषयमा लेखेको प्रतिक्रियाका बारेमा स्पष्टीकरण सोधेको आयोगले जनाएको छ । आयोगले यसअघि निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने दल, उम्मेदवार, सामाजिक संस्था, सरकारी निकायलगायत आठवटा निकायलाई स्पष्टीकरण सोधेको थियो । मंगलबारसमेत गरी आयोगले आचारसंहिता विपरीत काम गरेको उजुरी आएको भनी १५ वटा स्पष्टीकरण सोधेको छ । त्यसमध्ये हालसम्म एउटाको मात्र जवाफ प्राप्त भएको जनाइएको छ ।

## विश्व समाचार

### अमेरिकी धम्कीपछि क्युबालाई समर्थन गर्ने चीनको वाचा

बेइजिङ, १३ माघ (रासस/एएफपी) ।

केही हप्ताअघि भेनेजुएलामा हवानाका सहयोगी निकोलस मदुरोलाई हटाएको संयुक्त राज्य अमेरिकाको बारम्बार धम्कीको परिप्रेक्ष्यमा चीनले मङ्गलबार क्युबालाई 'समर्थन र सहयोग' प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

बेइजिङ र हवाना लामो समयदेखि समाजवादी साझेदार रहेका छन् । चिनियाँ अधिकारीहरूले संयुक्त राज्य अमेरिकाले दशकौँदेखि टापुमा लगाएको आर्थिक नाकाबन्दी र प्रतिबन्धहरूको लगातार विरोध गर्दै आएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसै महिना क्युबालाई 'पतनका लागि तयार' हुने चेतावनी दिँदा तनाव थपिएको थियो । ट्रम्पले हवानालाई 'सम्झौता गर्न' वा भेनेजुएलाजस्तो मूल्य तिर्नुपर्ने चेतावनी दिनुभएको थियो । भेनेजुएलाको सन्दर्भमा जनवरी ३ मा अमेरिकी बम आक्रमणमा मदुरो पक्राउ पर्नुभएको थियो र दर्जनौं मानिसको मृत्यु भएको थियो ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले मङ्गलबार पत्रकार सम्मेलनमा भन्नुभयो, "क्युबामा अमेरिकी कार्यहरूप्रति चीनले गहिरो चिन्ता र विरोध व्यक्त गर्दछ । हामी संयुक्त राज्य अमेरिकालाई क्षेत्रीय शान्ति र स्थिरतालाई कमजोर पार्नबाट रोक्न आग्रह गर्छौं ।" उहाँले वासिङ्टनलाई 'क्युबाविरुद्धको नाकाबन्दी र प्रतिबन्धहरू तुरुन्तै हटाउन' आह्वान गर्नुभयो ।

प्रवक्ता गुओले भन्नुभयो, "चीनले क्युबालाई सकेसम्म धेरै सहयोग र समर्थन प्रदान गर्न जारी राख्नेछ ।"

गत हप्तामा पोलिटिकोल ट्रम्प प्रशासनले क्युबामा हुने सबै तेल आयात रोक्न नौसैनिक नाकाबन्दी गर्ने विकल्प विचार गरिरहेको थियो भनी रिपोर्ट गरेको छ । रिपोर्टअनुसार ऊर्जा आपूर्ति नै शासनलाई कमजोर पार्ने महत्वपूर्ण माध्यम हो ।

क्युबाका राष्ट्रपति मिगुएल डियाज-क्यानेलले शनिबार सैन्य अभ्यासको निरीक्षण गर्दै यसलाई संयुक्त राज्य अमेरिकाको सम्भावित आक्रमणको प्रतिरोधका रूपमा व्याख्या गर्नुभयो ।

### मङ्गोलियामा अत्यधिक चिसोका कारण १३ जनाको मृत्यु

उलान बाटोर (मङ्गोलिया), १३ माघ (रासस/सिन्ह्वा) ।

मङ्गोलियामा सन् २०२६ को जनवरी मा मात्र अत्यधिक चिसो (हाइपोथर्मिया) को कारण १३ जनाको मृत्यु भएको रेकर्ड गरेको देशको राष्ट्रिय प्रहरी एजेन्सी (एनपिए) ले मङ्गलबार जनाएको छ ।

पीडित मध्ये अधिकाशंले रक्सी पिएको एनपिएले विज्ञप्ति मार्फत जनाएको छ । चिसोको उच्च जोखिमको समयमा हाइपोथर्मियाको कारण मृत्यु हुनुको मुख्य कारक रक्सीको सेवन भएको एनपिएले जनाएको छ ।

जनवरीको मध्यदेखि, रूसको साइबेरियामा उत्पत्ति भएको चिसो हावा मङ्गोलियाको ठूलो भागहरूमा फैलिए पछि मङ्गोलियाको तापक्रममा गिरावट आएको जनाइएको छ ।

जनवरी-२१ मा, देशको मौसम विज्ञान विभागका अनुसार उत्तरी मङ्गोलियन प्रान्त सेलेन्जको प्रशासनिक उपविभाग एरु सोममा रातको तापक्रम माइनस ४५.२ डिग्री सेल्सियसमा झरेको जनाइएको छ ।

मङ्गोलियामा चिसो तथा जाडो लामो समयसम्म रहने र तापक्रम माइनस २५ डिग्री सेल्सियस र माइनस ४५ डिग्री सेल्सियसको बीचमा हुने जनाइएको छ ।

### अफगानिस्तानमा शिक्षाको अवस्था दयनिय युनिसेफ

काबुल, १३ माघ (रासस/सिन्ह्वा) ।

अफगानिस्तानमा शिक्षाको अवस्था दयनिय र महत्वपूर्ण मोडमा पुगेको उल्लेख गर्दै संयुक्त राष्ट्रङ्घीय बाल कोष (युनिसेफ) ले १० वर्ष मुनिका ९० प्रतिशत भन्दा बढी बालबालिकाहरुले साधारण लेख पढ गर्न नपाएको जनाएको छ ।

युनिसेफद्वारा जारी प्रतिवेदनले परिस्थितिलाई "सिकाइबिनाको विद्यालय शिक्षा"को सङ्कटको उजागर गरेको छ । यसै गरी प्रारम्भिक बाल्यकाल शिक्षामा निरन्तर लगानी, साथै आधारभूत साक्षरता र संख्यात्मकता, प्रत्येक बालबालिकाका लागि सिकाइ परिणामहरू सुरक्षित गर्न आवश्यक छ भन्ने कुरामा जोड दिएको छ ।

सिकाइमा चिन्ताजनक अन्तर भए तापनि लाखौं विद्यार्थीहरू औपचारिक रूपमा देशको शिक्षा प्रणालीमा भर्ना भएको जनाइएको छ । राष्ट्रिय विद्यालय प्रणालीमा कुल १ करोड २० लाख भर्ना भएका मा उनीहरूले आधुनिक विज्ञान सम्बन्धि विषयहरू अध्ययन गर्छन् । यसैबीच, २८ लाख भन्दा बढी विद्यार्थीहरूले धार्मिक शिक्षा लिइरहेको सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदले बताउनु भएको छ ।

यसैबीच, लाखौं अफगान बालबालिका गरिबी, आन्तरिक विस्थापन, र द्वन्द्व प्रभावित क्षेत्रहरूमा शैक्षिक सुविधाहरूमा सीमित पहुँचका कारण स्कूलबाट बाहिर छन्, जसले देशको मानव पुँजीमा दीर्घकालीन प्रभावको बारेमा चिन्ता बढाएको छ ।

# फागुन ४ गतेदेखि १८ गतेसम्म प्रचार प्रसार गर्ने समय

**दैनिक समाचारदाता**
**राजविराज, १३ माघ ।**

निर्वाचन आयोगले मनोनयन दर्ता गरिसकेको अवस्थामा पनि अहिले दलहरूले प्रचार प्रसारका लागि सभा लगायतका कार्यक्रम गर्न नपाउने जनाएको छ ।

निर्वाचन आचारसंहिताको परिच्छेद-४ मा 'राजनीतिक दल, उम्मेदवार, दलको भातृ संगठनहरूले पालना गर्नुपर्ने आचारसंहितासम्बन्धी व्यवस्था छ ।

जसमा 'उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिनभन्दा १७ दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसार सम्बन्धी' काम गर्न पाउने व्यवस्था छ । आचारसंहिताले मतदानको १७ दिन अघि तीन प्रकारका काम गर्न बन्देज गरेको छ ।

पहिलो, दलहरूलाई जुलुस, आमसभा वा कोणसभा गर्न गर्न रोक लगाएको छ भने दोस्रो, सञ्चार माध्यममा कुनै प्रकारको प्रचारप्रसार सामाग्री प्रकाशन वा प्रसारण गर्न रोक लगाएको छ । अर्थात दलहरूले विज्ञापन बजाउन पाउने छैनन् ।

तेस्रो, निर्वाचन प्रचारप्रसारको लागि घरदैलो कार्यक्रम गर्न रोक लगाइएको छ । अर्थात् मत देऊ भनेर मतदाताको घरमा उम्मेदवारहरू जान पाउने छैनन् ।

माघ ६ गते देशभर प्रत्यक्ष तर्फको मनोनयन दर्ता भएपछि कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले 'दलहरूले फागुन ४ गतेदेखि १८ गतेसम्म प्रचार प्रसार गर्ने समय तोकिएको' उल्लेख गरेका थिए ।

प्रतिनिधि सभा निर्वाचनका लागि समानुपातिक तर्फको मनोनयन दर्ता पुस १३ र १४ गते भएको थियो भने प्रत्यक्ष तर्फको मनोनयन दर्ता माघ ६ गते भएको थियो ।

आयोगले मनोनयन दर्ताको दुई दिन अघि अर्थात् माघ ४ गते राति १२ बजेदेखि आचारसंहिता लागू गरेको थियो ।

'मनोनयन दाखिल गरेर उम्मेदवारको चिह्न कायम भएपछि मतदाता भेट्न र घरदैलो गर्न सक्नुहुन्छ, विभिन्न राय सुझाव सल्लाह लिन सक्नुहुन्छ', भण्डारीले भनेका थिए, 'तर दलगत रुपमा ठूलो ऱ्याली, आमसभा, गोष्ठी, सेमिनार लगायतका कार्यक्रम गर्न पाईदैन ।'

निर्वाचनको ४८ घन्टाअघि भने मौन अवधि लागू हुन्छ । आयोगले २०७९ सालमा पनि प्रचार प्रसारका लागि दलहरूलाई १५ दिनको समय दिएको थियो । सोही व्यवस्था यसपटक पनि आयोगले पछ्याएको हो ।

निर्वाचन आयोगले २०७९ सालको मंसिरमा भएको प्रतिनिधि सभा निर्वाचनदेखि प्रचारप्रसारको समय अवधि तोक्न थालेको हो । त्यसअघि २०७४ सालमा आयोगले प्रचार प्रसारका लागि ३० दिनको समय दिएको थियो । २०७९ सालमा मनोनयन दर्तादेखि मतदानको बीचमा ३९ दिनको समय थियो । यसपटक मनोनयनदर्तादेखि मतदानको बीचमा ४४ दिनको समय थियो ।

प्रचारप्रसारमा लामो समय दिँदा निर्वाचनको मात्र होइन, उम्मेदवारहरूको खर्च पनि बढ्नेछ । भारतमा लोकसभा निर्वाचनका उम्मेदवारले १४ दिन मात्र प्रचार गर्न पाउने गरेका छन् । जबकि त्यहाँ कम्तीमा ३ लाखदेखि ३० लाखसम्म जनसंख्या भएका निर्वाचन क्षेत्र छन् । भारतमा पहिले प्रचारप्रसार अवधि २० दिन थियो । त्यो पनि धेरै भयो भनेर १४ दिनमा झारिएको हो । फ्रान्समा यस्तो अवधि बढीमा दुई साता हुने उल्लेख छ । जापानले कानुन नै बनाएर १२ दिन तोकेको छ । सिंगापुरमा ९ दिन मात्र छ ।

नेपालमा भने मतपत्र छपाइमा समय लाग्ने देखाउँदै निर्वाचन आयोगले मनोनयन दर्ता र मतदानको बीचमा लामो अवधि खाली राख्ने गरेको छ । मतपत्र छपाई प्रदेशस्तरमा भए मनोनयन दर्ता र निर्वाचनको अवधि कम हुनेछ ।

# कारागारमा अघिल्लो निर्वाचन भन्दा तीन गुणा बढी मतदाता

**दैनिक समाचारदाता**
**राजविराज, १३ माघ ।**

कारागार कार्यालय सप्तरीमा अघिल्लो निर्वाचनको तुलनामा बन्दी अवस्थामा रहेका मतदाताको संख्या यसपटक तीन गुणाले बढी हुने देखिएको छ ।

बि.स.२०७९ सालको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा ४७ जना कैदी बन्दीले मतदान गरेका थिए भने यसपटक उक्त संख्या बढेर १ सय ६० पुगेको जेलर गंगालाल योगीले बताए ।

उनले संकलित विवरणबारे जिल्ला निर्वाचन कार्यालयका कर्मचारीले अध्ययन गरी अन्तिम नामावली तयार पार्ने बताए ।

कारागारमा हाल क र ख गरी दुई ब्लकमा कुल ३ सय ७६ कैदी बन्दी छन् । जसमध्ये ७ जना भारतीय नागरिक छन् । जिल्ला निर्वाचन कार्यालयका प्रमुख रमेश कुमार जोशीले कारागारबाट प्राप्त विवरण तथा मतदाता सुचीको अध्ययन कार्य भईरहेको भन्दै केही दिन भित्रै यकिन संख्या बताउने जानकारी दिए ।

उनले मताधिकार प्राप्त गर्ने कैदीबन्दीका लागि कारागारमा एउटा अस्थायी मतदान केन्द्र स्थापना गरिने जानकारी समेत दिए ।

मतदाता नामावलीमा समेटिएका कैदीबन्दीले समानुपातिकतर्फ मात्र मतदान गर्न पाउने व्यवस्था रहेको छ । मतदानका लागि कारागारमा एउटा अस्थायी मतदान केन्द्र राखिने उनले जानकारी दिए ।

सप्तरीमा कुल ४ लाख ४६ हजार ४ सय २ मतदाता छन् । यसका लागि जिल्लामा २ सय ९६ मतदान स्थल र ५ सय ६२ मतदानकेन्द्र कायम गरिएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

# बालबालिकालाई चुनावी प्रचारमा प्रयोग गरिएकामा ध्यानाकर्षण

काठमाडौं, १३ माघ (रासस) ।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)ले निर्वाचन आचारसंहिता विपरीत बालबालिकालाई चुनावी प्रचारप्रसारमा प्रयोग गरिएका क्रियाकलापप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

आशन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवारी मनोनयन दर्ता सकिएसँगै बालबालिकालाई जुलुसमा सहभागी गराइएको, राजनीतिक दलको चुनाव चिन्ह र उम्मेदवारको तस्वीर भएको टिसर्ट लगाई प्रयोग गरिएको, पार्टी कार्यालय र सम्पर्क कार्यालयमा विद्यालय पोशाकमै बालबालिकाको उपस्थित गराइएको, दलगत प्रचारप्रसारका लागि झण्डा बोकाई बालबालिकाको प्रयोग गरिएको समाचार आएको भन्दै सो अभियानले आपत्ति जनाएको हो । आचारसंहिताको प्रभावकारी अनुगमन र कारवाहीका लागि सिजपले निर्वाचन आयोगलाई आग्रह पनि गरेको छ ।

सो अभियानका अध्यक्ष तिलोत्तम पौडेलले 'बालबालिका र विद्यालय शान्ति क्षेत्र हुन्' भन्ने मान्यतालाई चुनौती दिँदै कानुन विपरीत हुने गरी गरिएका यस्ता क्रियाकलाप विरोध गर्दै बालबालिकाको दलगत प्रयोग बन्द गर्न तथा बालबालिका र विद्यालयलाई शान्तिक्षेत्रका रूपमा विकास गर्न आग्रह गर्नुभयो ।

बालबालिकासम्बन्धी ऐन, २०७५ र विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ को विरुद्ध हुने गरी गरिएका यस्ता क्रियाकलापले बालबालिकाको मनोभावना, उनीहरूको सुरक्षाका साथै विद्यालयको शैक्षिक कार्यक्रममा प्रत्यक्ष असर पार्नुका अतिरिक्त बालबालिकाको भविष्य तथा सिङ्गो समाजलाई दूरगामी रूपमा नकारात्मक असर पर्ने पौडेलको भनाइ रहेको छ ।

# माघ तेस्रो सातादेखि एचपिभी खोप लगाइँदै

काठमाडौं, १३ माघ (रासस) ।

सरकारले यस वर्ष पनि पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप बालिका तथा किशोरीहरूलाई लगाउने भएको छ ।

स्वास्थ्य सेवा विभाग बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले यही महिनाको तेस्रो सातादेखि देशव्यापी अभियानका रुपमा एचपिभी खोप लगाइने जानकारी दिनुभयो । "खोप अभियानअन्तर्गत यस वर्ष विद्यालय भर्ना भएका कक्षा ६ मा पढ्ने छात्रा र विद्यालय भर्ना नभएका १० वर्ष उमेर समूहका बालिकाहरूलाई खोप लगाइने छ", उहाँले भन्नुभयो, "कक्षा ६ मा पढ्ने ११ र १२ वर्षसम्मका छात्राले पनि खोप पाउने छन् । फागुनको पहिलो हप्तासम्म लक्षित किशोरी तथा बालिकाहरूलाई खोप लगाइसक्ने हाम्रो तयारी छ ।" उहाँले अहिले खोप लगाउने स्वास्थ्यकर्मीलाई तालिम प्रदान गरिरहेको बताउनुभयो ।

सरकारले गत वर्ष माघ २२ देखि फागुन ६ गतेसम्म देशभरि कक्षा ६ देखि १० सम्म र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका करिब १७ लाख किशोरीलाई खोप लगाएको थियो । शाखा प्रमुख गौतमले गत वर्ष खोप लगाउन छुटेका बालिकाहरूलाई पनि यसवर्ष खोप प्रदान गरिने जानकारी दिनुभयो । गत वर्ष छुटेका ११ देखि १४ वर्षसम्मका बालिकाहरूलाई यसपटक खोप लगाइने छ ।

उहाँका अनुसार यस वर्ष करिब तीन लाख ५० हजार बालबालिकालाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप लगाइने छ । सरकारले उक्त खोप 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स' (गाभी)को सहयोगमा चीनबाट नेपाल आइपुगेको उहाँले जानकारी दिनुभयो ।

नेपालमा हरेक वर्ष पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु हुने गरेको छ । पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमनपापिलोमा भाइरस सङ्क्रमण रहेकाले त्यसको विरुद्ध खोप लगाउनुपर्ने हुन्छ ।

# समानुपातिकतर्फको मतपत्र छपाइ सम्पन्न

काठमाडौं, १३ माघ (रासस) ।

आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइको काम सम्पन्न भएको छ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीमा सोमबार समानुपातिकतर्फको दुई करोड आठ लाख ५० हजारप्रति मतपत्र छपाइ कार्य सम्पन्न भएको आयोगले जनाएको हो ।

केन्द्रका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले समानुपातिकतर्फको मतपत्र छपाइ पूरा भएपछि प्रत्यक्षतर्फको सुरु भएको जानकारी दिनुभयो । उहाँका अनुसार केन्द्रले सोमबारदेखि प्रत्यक्षतर्फको मतपत्र छपाइ सुरु गरेको छ । केन्द्रले यसअघि १० लाख ९८ हजार २०० नमुना मतपत्र छपाइ गरेर निर्वाचन आयोगलाई पठाइसकेको थियो । ती मतपत्र मतदाता सचेतना तथा अन्य कामका लागि प्रयोग भइरहेका छन् ।

# चुनावी खाता खोल्ने प्रबन्ध मिलाउन राष्ट्र बैंकको निर्देशन

काठमाडौं, १३ माघ (रासस) ।

नेपाल राष्ट्र बैंकले निर्वाचन प्रयोजनका लागि बैंक खाता खोल्ने प्रबन्ध मिलाउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ । निर्वाचन आयोगको अनुरोधपछि केन्द्रीय बैंकले एक पत्रमार्फत बैंक खाता खोल्ने व्यवस्था मिलाइदिन आग्रह गरेको हो ।

आयोगले बैंक खाता बन्द गर्न लगाउँदासम्म सञ्चालन हुने गरी उक्त आयोग मातहतका प्रदेश निर्वाचन कार्यालय तथा जिल्ला निर्वाचन कार्यालयको सिफारिसमा खाता खोल्न सकिने उल्लेख गरिएको छ । आमनिर्वाचन अभियान समूहका नेपाली मुद्राको आम्दानी खर्च कारोबार गर्नसक्नेगरी खाता खोल्ने व्यवस्था गरिएको छ ।

प्रत्येक राजनीतिक दल तथा ती दलबाट प्रतिनिधित्व गर्ने समानुपातिक एवं प्रत्यक्ष उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारको छुट्टै खाता खोली सञ्चालनको व्यवस्था मिलाउन केन्द्रीय बैंकले सूचनामार्फत आग्रह गरेको छ ।

## *निर्वाचनलाई स्वच्छ, ...*

निर्वाचनलाई शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो । "जेनजी आन्दोलनका क्रममा प्रहरीका हतियार लुटिएका छन्, बन्दीहरू बाहिरै छन्, नयाँ र पुराना राजनीतिक दलबाट तिक्ततापूर्ण अभिव्यक्ति आइरहेका छन्," उहाँले भन्नुभयो, "निर्वाचन शान्तिपूर्ण ढङ्गबाट अगाडि बढोस्, लोकतन्त्र, संविधान र परिवर्तनका उपलब्धिहरूलाई संस्थागत गर्दै जनभावनाअनुसारको अघि बढ्ने परिस्थिति होस् ।"

नेपाली कांग्रेसका सांसद किरणबाबु श्रेष्ठले निर्वाचनमार्फत मुलुकलाई संवैधानिक 'ट्र्याक'मा ल्याउनुपर्नेमा जोड दिनुभयो । "पुराना दलहरूलाई यो निर्वाचनबाट 'नामेट' बनाउनुपर्छ भन्ने भाष्य सिर्जना गरेर केही नयाँ भनिएका राजनीतिक दल लागिरहेका छन्, यो मुलुकमा प्रजातन्त्र, लोकतान्त्रिक अधिकार र संविधान कसले ल्यायो ?", उहाँले भन्नुभयो, "दलका केही पात्र खराब हुन सक्छन्, तर राजनीतिक दललाई दोषको भागी बनाएर जनतामा भ्रमित गर्ने कोसिस भइरहेको छ, त्यसप्रति सम्पूर्ण नागरिक सचेत हुनुपर्छ ।"

कांग्रेस सांसद नारायणदत्त मिश्रले निर्वाचनलाई निष्पक्ष र धाँधलीरहित बनाउँदै दल तथा उम्मेदवारलाई मत माग्न र मतदातालाई ढुक्क भएर मतदान गर्ने व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद मिश्रले जेनजी आन्दोलनले सकारात्मक र नकारात्मक पाटोप्रति सदैव सचेत हुनुपर्ने बताउनुभयो ।

"यो आन्दोलनले सबै एक हौं भन्ने भावना विस्तार र युवालाई एकजुट गरायो, तर कसैलाई शासनबाट लेखट्न वैचारिक र वैधानिक बाटोको सट्टा तोडफोड र आगजानी गर्ने खराब बाटोबाट देशका युवाहरू उद्यत हुन्छन् भन्ने चिन्ताले सताएको छ", उहाँले भन्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद गोपाल भट्टराईले जेनजी आन्दोलनका क्रममा कारागारबाट भागेका कैदी र प्रहरीबाट लुटिएका हतियार निर्वाचन सुरक्षामा चुनौती बन्न सक्ने उल्लेख गर्दै सुरक्षा व्यवस्थालाई सुदृढ बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । मुलुकलाई असफल राष्ट्र बनाउने चलखेल भइरहेको जनाउँदै उहाँले यसप्रति संसद् चनाखो बन्नुपर्ने बताउनुभयो ।

सूचना ! सूचना ! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*